सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १६८ | वि.सं. २०७९ माघ ०५ विहीबार | 19, 2023 Thursday, JAN | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## तत्कालीन प्रमुखसहित प्रहरीका डीएसपी र इन्सपेक्टरलाई जेल सजाय

विशेष अदालतले यातायात कार्यालय एकान्तकुनाका तत्कालीन प्रमुखदेखि नेपाल प्रहरीका डीएसपी र इन्सपेक्टरलाई लाइसेन्स घोटाला प्रकरणमा जेल सजाय सुनाएको छ।

सवारी चालक अनुमतिपत्रका लागि परीक्षामा फेल भएका १ हजार २ सय ८४ जनालाई पास गराएको अभियोग पुष्टि भएपछि तत्कालीन प्रमुखसहित सातजनालाई विशेष अदालतले दोषी ठहर गरेको हो।




विशेष अदालतका न्यायाधीशहरू श्रीकान्त पौडेल, यमुना भट्टराई र खुसीप्रसाद थारूको इजलासले मुद्दा चलाइएका मध्ये सात जनालाई दोषी ठहर गरेको हो।

दोषी ठहर हुनेहरूमा एकान्तकुनाका तत्कालीन प्रमुख आनन्दकेशरी पोखरेल, नेपाल प्रहरीका प्रहरी नायव उपरीक्षक (डीएसपी) नवराज थापा, इन्सपेक्टर मुरारी मिश्र, अवकाश प्राप्त शाखा अधिकृत राममणि पोखरेल, अवकाश प्राप्त इन्जिनियर वासुदेव पोखरेल, शाखा अधिकृतहरू शम्भूप्रसाद थपलिया र ईश्वरराज रेग्मी रहेको विशेष अदालतका प्रवक्ता दीपेन्द्रनाथ योगीले जानकारी दिए।

राजस्व चुहावटर गरेर भ्रष्टाचार गरेको कसुरमा दोषी ठहर भएका तत्कालीन कार्यालय प्रमुख पोखेरललाई आठ महिना कैद र ९ हजार जरिमानाको फैसला सुनाइएको छ। डीएसपी थापा र इन्सपेक्टर मिश्रलाई ६ महिना कैद र ८ हजार रुपैयाँ

बाँकी तेश्रो पृष्ठमा

## लायन्स क्लब अफ सेन्ट्रल सिटीद्वारा कपडा बैंकलाई कपडा हस्तान्तरण



वीरगन्ज। लायन्स क्लब अफ सेन्ट्रल सिटीले विपन्नहरूको सहयोगार्थ वीरगञ्जस्थित कपडा बैंकलाई कपडा हस्तान्तरण गरेको छ।

क्लबले परिवर्तन नेपाल फाउन्डेशनद्वारा स्थापित कपडा बैंकमा जाडो तथा गर्मीयाममा लगाउने कपडा हस्तान्तरण गरेको क्लबकी अध्यक्ष सल्मा खातुनले जानकारी दिनुभयो।

विभिन्न दाताहरुबाट संकलन गरिएका कपडा आवश्यता अनुसार अति विपन्न वर्गलाई बाँडिने फाउन्डेशनका अध्यक्ष रणधीर वर्णवालले बताउनुभयो। क्लबकी अध्यक्ष सल्मा खातुनको अध्यक्षता तथा डिस्ट्रक्ट डेपुटी क्याबिनेट सेक्रेटरी उमेश शर्माको प्रमुख आतिथ्यमा छपकैंयास्थित लायन्स सर्भिस सेन्टरमा आयोजित कार्यक्रममा लायन्स रिजन चेयरपर्सन आश्मा सिंह यादव, लायन गुड्डी जोशी, डा. लक्ष्मी थापा, सुशिला साह, देवन्ती साह, फाउन्डेशनका नेहा साह, सुशील पटेल, बालेश्वर जैश्वाल लगायतको उपस्थिति रहेको थियो।

## विद्यालयका बालबालिकालाई साहिब दरबारले उपलब्ध गरायो स्वेटर



वीरगञ्ज। साहिब दरवार सेवा संस्थानले वीरगञ्जको २ वटा विद्यालयको आधारभूत कक्षामा अध्ययनरत विद्यार्थीका लागि स्वेटर उपलब्ध गराएको छ।

वीरगञ्जको वडा नम्बर ४ मा रहेको श्री सुन्दरमल रामकुमार कन्या मा.वि. र वडा नम्बर १६ मा रहेको इनर्वा मक्तममा अध्ययनरत कक्षा नर्सरीदेखि ३ सम्मका विद्यार्थीलाई न्यानो कपडा स्वेटर उपलब्ध गराईएको हो।

कन्या मा.वि. मा १५० जना विद्यार्थीलाई स्वेटर वितरण गरिएको संस्थाका अध्यक्ष उमेशलाल सहनीले जानकारी दिए।बुधबार एक कार्यक्रमका बीच विद्यालयका विद्यार्थीलाई स्वेटर हस्तान्तरण गरिएको हो।

यस्तै इनर्वा मक्तममा पनि १५० जना विद्यार्थीका लागि स्वेटर प्रदान गरिएको संस्थाकी कोषाध्यक्ष जुनुमाया त्वायनाले जानकारी दिइन्।

बाँकी तेश्रो पृष्ठमा

## उखुको मूल्य प्रतिक्वीन्टल ५४० रूपैयाँ मन्त्रिपरिषद्को बैठकबाट तोकियो



वीरगञ्ज। सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले उखुको मूल्य तोकेको छ।बैठकले उखुको मूल्य प्रति क्वीन्टल ५४० रुपैयाँ तोकेको हो। नयाँ विस्तारपछिको यो पहिलो बैठक हो।त्यस्तै उखुको ढुवानी भाडा प्रतिक्वीन्टल ७० रुपैयाँ सरकारले व्यहोर्ने पनि निर्णय गरेको उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलले जानकारी दिए।यस्तै, मन्त्रीहरुले विदेशी राष्ट्रका प्रतिनिधि भेट्दा परराष्ट्र मन्त्रालयका कर्मचारी अनिवार्य राख्नुपर्ने समेत निर्णय गरेको पौडेलले बताए।

## पर्सा प्रहरीद्वारा अवैध २२ लाख ५० हजार रूपैया सहित दुइ जना पक्राउ।

वीरगन्ज। श्रोत नखुलको ठूलो रकम सहित वीरगंजबाट दुइ जनालाई प्रहरीले पक्राउ गरेको छ। हुण्डीको कारोबारी रहेको आरोपमा प्रहरीले वीरगन्ज महानगरपालिका वडा नम्बर ८ घण्टाघर चोकबाट २२ लाख ५० हजार रुपैया सहित दुइ जनालाइ पक्राउ गरेको हो। पक्राउ पर्नेहरुमा वीरगन्ज महानगरपालिका वडा नम्बर १६ नगवाका ३४ वर्षिय विकास साह र वीरगन्ज १८ इनर्वा मनियारीका १९ वर्षिय सुभाष कुमार साह रहेका छन्। मङगलबार दिउँसो प्रहरीले घण्टघार चोक स्थित सडकमा बीआर ०५ ए इ ९३४३ नम्बरको स्कुटर रोकेर चेकजाँच गर्दा त्यसमा विकाससंगै सवार रहेका सुभाषले बोकेको झोलाबाट उक्त रकम बरामद भएको प्रहरी नायब उपरिक्षक दिपक गिरिले जानकारी दिए।झोलाबाट नेपाली पाँच सय र एक



हजार दरको नोट गरि २२ लाख ५० हजार रुपैया बरामद भएको उनले बताए। बरामद रकम, साहद्वयले श्रोत खुलाउन नसकेकाले हुण्डीको कारोबारको रहेको उनले बताए। बरामद रकम सहित पक्राउ परेका दुवै जनालाई प्रहरी हिरासतममा राखेर बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको कसूरमा अनुसन्धान भईरहेको गिरिले जानकारी दिए।वीरगन्जमै एक साताअघि मात्रै प्रहरीले स्रोत नखुलेको १२ लाख २० हजार रुपैया सहित वीरगन्ज महानगरपालिका १७ का १९ वर्षीय राजन साहलाइ पनि पक्राउ गरेको थियो।वीरगन्जमा चालु आर्थिक वर्षको पछिल्लो ६ महिनामा मात्रै हण्डीको कारोबार गरेको भन्दै ७ जनालाई पक्राउ गरि उनिहरुको साथबाट ९५ लाख ९८ हजार रुपैया बरामद गरिसकेको छ।यस्तै गत आर्थिक वर्ष २०७८/०७९ मा वीरगन्जमा प्रहरीले २२ जनालाई पक्राउ गरि उनीहरूको साथबाट १ करोड ६५ लाख रुपैयाँ बरामद गरेको थियो।

खुल्ला सिमाना र नेपाली उपभोक्ता भारतीय बजारमा किनमेल गर्न जाने प्रवृत्तिका कारण हुन्डी कारोबार बढेको प्रहरी नायब उपरिक्षक गिरीले बताए। उनका अनुसार, नेपालीहरू किनमेल गर्न सीमावर्ती भारतीय बजार पुग्दा त्यहाँ नेपाली रुपैयाँमा विनिमय गरेपछि दैनिक ठूलो परिमाणमा नेपाली मुद्रा त्यहाँ जम्मा हुने गरेको छ। यसरी भारत पुगेको नेपाली रुपैयाँ उनीहरूलाई उपयोगी नहुने भएकाले त्यस्तो रकम अवैध रुपमा पुन: नेपाललै फर्काउने गरिएको छ।



# ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस


## नयाँ प्रधानमन्त्रीको अन्तर्राष्ट्रिय जिम्मेवारी

**सृष्टि राणा**

सन् १९९६ मा माओवादी 'जनयुद्ध' सँगै सुरु भएको लामो राजनीतिक संक्रमणकालको उल्लेख्य असर नेपालको अन्तर्राष्ट्रिय सम्बन्धमा देखिन थालेको छ। कुनै पनि सशस्त्र द्वन्द्वपछि लोकतान्त्रिक निर्वाचन चार पटकसम्म शान्तिपूर्ण रूपमा सम्पन्न भयो भने त्यसलाई 'टिकाउ शान्ति प्रक्रिया' मानिन्छ।

नेपालमा सन् २००५ मा शान्ति प्रक्रियाको सुरुआतपछि चारवटा निर्वाचन (संविधानसभाका दुईसहित) सफलतापूर्वक भइसकेका छन्। यस सन्दर्भले आमूल राजनीतिक परिवर्तनको नारा बोकेको माओवादी सशस्त्र आन्दोलनसँगै थालनी भएको संक्रमणकाल अन्त्य भएको इंगित गर्छ।

यो नयाँ राजनीतिक चरणमा भर्खरै विश्वासको मत पाएर प्रधानमन्त्री सुनिश्चित भएका पुष्पकमल दाहालको प्रमुख जिम्मेवारी हो– कमजोर अन्तर्राष्ट्रिय सम्बन्ध सुधार गर्नु। वर्तमान विश्वपरिस्थितिमा अन्तर्राष्ट्रिय सम्बन्ध सुधार नभएसम्म हाम्रो नेपालको आर्थिक समृद्धि सम्भव छैन।

नेपालको बिग्रँदो अन्तर्राष्ट्रिय सम्बन्धका संकेतहरू सजिलै भेट्न सकिन्छ। जस्तै, नेपालको पासपोर्ट विश्वको सातौं कमजोरमा पर्छ। कमजोर पासपोर्ट भएका देशहरूमा भयानक युद्ध चलिरहेका इराक, अफगानिस्तान, सिरिया लगायत पर्छन्। यो सूची भिसाप्राप्तिको सहजताका आधारमा बनाउने गरिन्छ, जुन प्रायः अन्तर्राष्ट्रिय सम्बन्धका आधारमा निर्धारण हुन्छ।

केही दशकअघिसम्म नेपालीले भिसा अरू दक्षिण एसियाली देशका नागरिक, विशेष गरेर भारतीयहरूले जस्तै सहजै पाउँथे। कतिपय देशमा त हाम्रो बढी बलियो कूटनीतिक सम्बन्ध भएकाले भिसा पाउन भारतीयलाई भन्दा नेपालीलाई सजिलो थियो।

तर अहिले भारतीयहरूलाई थुप्रै देशमा भिसा खुकुलो बनाइएको छ भने नेपालीहरूलाई झनै कसिलो तुल्याइएको छ। भारतमा नेपालको जनसंख्याभन्दा बढी, करोडौं मानिस अहिले पनि चरम गरिबीमा छन्। त्यो वास्तविकता हेर्दा भारतीयहरूलाई भिसा पाउन नेपालीलाई भन्दा गाह्रो हुनुपर्ने हो, तर पछिल्लो समय भारतले परराष्ट्र सम्बन्धमा गरेको अभूतपूर्व विकासका कारण नेपाल र भारतले पाउने अन्तर्राष्ट्रिय व्यवहारमा उल्लेख्य अन्तर आएको छ।

भारतले अन्तर्राष्ट्रिय सम्बन्धलाई कति महत्त्व दिएको छ, नरेन्द्र मोदीले पहिलो पटक प्रधानमन्त्री हुँदा गरेका विदेश भ्रमणहरूबाट बुझ्न सकिन्छ। पहिलो कार्यकालमा उनले ४९ चोटि विदेश भ्रमण गरे। पहिलो कार्यकालमा उनी प्रायः विदेशमै हुने भएकाले प्रतिपक्षीहरूले 'मोदी जब भारत भ्रमणमा आउनुहुन्छ, तब...' भन्दै कटाक्ष गर्थे। तर मोदीजस्ता चलाख र अनुभवी नेताले २१ औं शताब्दीको विश्वमा बलियो अन्तर्राष्ट्रिय सम्बन्ध नै भारतको आर्थिक समृद्धिको आधार हो भन्ने बेलैमा बुझेका थिए।

यही कुरा नेपालमा पनि लागू हुनुपर्ने हो, तर हामीकहाँ अरू देशमा जस्तै अन्तर्राष्ट्रिय सम्बन्ध मूल नेतृत्वको प्राथमिक एजेन्डामा पर्न सकेको छैन। त्यसले गर्दा २१ औं शताब्दीको पहिलो दशकमा भारत, चीनजस्ता समृद्धिको लक्ष्य बोकेका देशहरू अन्तर्राष्ट्रिय सम्बन्ध मजबुत पार्ने दौडमा कुदे भने नेपालले चाहिँ भएको कूटनीतिक सम्बन्धमा पनि हेलचेक्र्याइँ गर्न थाल्यो। एकपछि अर्को दूतावास वा भिसा विभाग उठ्दासमेत तिनलाई रोक्न नेपाल सरकारबाट ठोस पहल भएन। नयाँ अन्तर्राष्ट्रिय मञ्च वा विषयहरूमा नेपालको दरिलो आवाज/विचार नै सुनिएन। परिणामस्वरूप आज हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध तुलनात्मक रूपमा अरू देशहरूभन्दा निकै कमजोर भएको छ।

नेपालका सन्दर्भमा अन्तर्राष्ट्रिय सम्बन्धको एउटा पक्ष विदेशी सहायता हो। यसमा पनि नेपालको अवस्था खस्किने क्रममा छ। विदेशी सहायताको कुरा गर्दा हामीले पक्कै आलोचनात्मक दृष्टिकोण राख्नुपर्छ, तर सबै विदेशी सहायतालाई एउटै टोकरीमा राखेर बुझ्न सकिँदैन। केही सहायता दाताहरूका सुरक्षा वा व्यापार स्वार्थसँग जोडिएका हुन्छन् भने केहीचाहिँ नेपालजस्तो कमजोर अर्थतन्त्रलाई सहयोग गर्नु सबल अर्थतन्त्र भएका देशहरूको कर्तव्य हो भन्ने सामाजिक न्याय र मानवताको भावनाबाट परिचालित भएका हुन्छन्। दोस्रो किसिमको विदेशी सहयोगलाई रणनीतिक हिसाबमा प्रयोग गर्ने हो भने नेपालको विकासमा योगदान हुन सक्छ। दाता देशहरूसँग नेपालको कूटनीतिक सम्बन्ध कसिलो बनाउने माध्यम पनि बन्न सक्छ यो।

तर नेपालमा विदेशी सहायता किन लिने, कससँग लिने, कस्तो लिने, लिएर कसरी राष्ट्रिय हित सुनिश्चित गर्ने भन्नेबारे सार्थक विश्लेषण हुन नसक्दा अन्तर्राष्ट्रिय सम्बन्धको संवेदनशीलता खलबलिएको छ। हामीले एकातिर लिनुपर्नेसँग सहयोग लिन सकेका छैनौं, अर्कातिर लिनु नपर्ने थुप्रै सहयोग भित्र्याइरहेका छौं। फेरि, विदेशीहरूसँग सहयोग पनि लिन्छौं र उनीहरूलाई दोष पनि दिन्छौं।

कतिपय विदेशी सहायता लिँदा त सरकारै ढल्ने र द्वन्द्व नै उत्पन्न हुने अवस्थामा नेपाल पुगेको छ। एमसीसी परियोजना अनुमोदन प्रक्रिया यसको पछिल्लो उदाहरण हो। त्यसैले, धेरै दाताको नेपालसँग गुनासो छ। सहयोग पनि गर्नु छ, गाली पनि खानु छ भन्ने उनीहरूलाई लाग्छ।

यसले गर्दा अन्तर्राष्ट्रिय समुदायमा नेपालप्रति रहने गरेको सद्भाव भत्किँदै गएको छ। हामीलाई कुनै विदेशी सहायता चाहिँदैन भने सम्बन्धित देशहरूलाई समयमै प्रस्ट भनिदिनुपर्छ। चाहिन्छ भने, त्यससँग जोडिएको आपसी सम्बन्धको संवेदनशीलतालाई कायम राख्नुपर्छ। पीपलपाते व्यवहार गर्नु हुन्न।

नेपालको अर्थतन्त्र सबल नभएसम्म केही वर्षसम्म विदेशी सहायता चाहिन्छ नै, त्यसैले नयाँ प्रधानमन्त्रीले विदेशी सहायताबारे नयाँ रणनीति बनाउन तुरुन्तै पहल गर्नुपर्छ। किनभने नेपालप्रति अहिले अन्तर्राष्ट्रिय समुदायको ध्यान घटेको छ। युत्रेन युद्धले गर्दा पश्चिमी मुलुकहरूको अर्थतन्त्र समस्याग्रस्त छ। अहिले युरोपेलीहरू 'इटिङ' कि 'हिटिङ' अर्थात् महँगीले गर्दा खानामा खर्च गर्ने कि कठ्याङ्ग्रिने जाडोमा तातो रोज्ने भन्ने अवस्थामा पुगेका छन्। उनीहरू आउने विश्व आर्थिक मन्दीको तयारी गर्दै छन्। यस्तोमा ऊनीहरूको ध्यान युत्रेन र अन्य केही अफ्रिकी मुलुकमा मात्र छ। त्यसैले आउने दिनहरूमा नेपाललाई पश्चिमी मुलुकहरूको सहयोग कम हुने सम्भावना छ।

यसमा जापान र दक्षिण कोरियाजस्ता देशहरू पनि जोडिन्छन् किनभने उनीहरूको अर्थतन्त्र पश्चिमाहरूसँग जोडिएको छ। भारत र चीनमा आफ्नै असीम गरिबी भएकाले कुनै निश्चित स्वार्थबिना नेपालमा सहयोग आउन मुस्किल छ। ब्राजिल, रुसजस्ता अरू देशबाट पनि कुनै अर्थपूर्ण सहायता अपेक्षा गर्ने आधार छैन। अहिलेको जटिल आर्थिक अवस्थामा अन्तर्राष्ट्रिय सम्बन्ध बलियो र परिणाममुखी बनाउन प्रधानमन्त्रीको नेतृत्व सक्षम भयो भने मात्र विदेशी सहायता घट्न पाउँदैन।

यस सन्दर्भमा भुटानजस्तो हामीभन्दा सानो देशको उदाहरणबाट पनि सिक्न सक्छौं। कोभिड महामारीमा भुटानले विभिन्न सान्दर्भिक अन्तर्राष्ट्रिय सम्बन्ध प्रयोग गरेर आफूलाई चाहिने खोप हासिल गर्‍यो। त्यो खोप आफूलाई

*बाँकी तेस्रो पृष्ठमा*

## मानसिक स्वास्थ्य : आम धारणा र मनोपरामर्श

**सम्झना शर्मा**

दस व्यक्तिमध्ये एक जनालाई कुनै न कुनै रूपमा मानसिक स्वास्थ्य समस्या देखा पर्छ। पछिल्लो समय नेपालमा मानसिक स्वास्थ्य समस्या बढ्दो छ। नेपाल प्रहरीका अनुसार पछिल्ला पाँच वर्षमा ६ हजार ८ सय ३० जनाले आत्महत्याका कारण ज्यान गुमाएका छन्। प्रदेश १, वाग्मती र लुम्बिनीमा आत्महत्याको दर अन्य प्रदेशको तुलनामा बढी छ।

विभिन्न अध्ययनले १५ देखि ४९ वर्ष उमेर समूहका महिलाको मृत्युको प्रमुख कारण आत्महत्या रहेको देखाउँछन्। तर, यसका कारणबारे भने कमै अध्ययन भएका छन्। समाजमा आत्महत्याबाट मृत्यु हुनेहरूप्रतिको धारणा सकारात्मक छैन।

विज्ञहरूका अनुसार हरेक चारमा एक बिरामी मानसिक स्वास्थ्य समस्या लिएर अस्पताल जाने गर्छन्। करिब ८० प्रतिशत यस्ता बिरामीले रोग पहिचान हुन नसकेका कारण उपचार पाउन नसकेको, २३ प्रतिशत बिरामीलाई घरकै मान्छेले ठीक भैहाल्छ भनी उपचारमा नलाने गरेको अवस्था छ। परिणामतः समयमै उपचार नपाई रोग जटिल बन्दै जाने गरेको छ। साथै डिप्रेसन र एङ्जाइटीलाई सामान्य रूपमा लिने र समयमा उपचार नगर्ने प्रवृत्ति पनि छ।

संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ। जनस्वास्थ्य सेवा ऐन-२०७५ ले मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्यका रूपमा मान्यता दिई राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना (२०२० देखि २०२६) बनाई कार्यान्वयनमा ल्याएको छ। गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकमाझ सर्वसुलभ बनाउनु राज्यको अनिवार्य दायित्व हो। तर, यसका लागि बनेका नीति तथा कानुनको कार्यान्वयन पक्ष निकै कमजोर छ।

विश्व स्वास्थ्य संगठनले मानसिक स्वास्थ्यलाई उच्च प्राथमिकता दिँदै आएको छ। अपाङ्गता भएका व्यक्तिको मानव अधिकार सम्बन्धी महासन्धि-२००६ को नेपाल पक्षराष्ट्र भएकाले मानसिक स्वास्थ्य अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्नु राज्यको दायित्व हो। सरोकारवालाहरूको निरन्तरको पैरवीले मानसिक स्वास्थ्य नीति कार्यान्वयनका लागि सरकारले नसर्ने रोग र मानसिक स्वास्थ्यलाई अलग्गै राखेर सेवाप्रवाहको तयारी गरिरहेको, आत्महत्या रोकथामका लागि हटलाइन नम्बर सञ्चालनमा ल्याएको, मानसिक अस्पतालको सेवालाई प्रभावकारी बनाउने कोसिस भएको, मानसिक स्वास्थ्य उपचार सेवा स्थानीय तहसम्मै पुर्‍याउने गरी पूर्वाधार विकासको तयारी गरेको छ। यी सबै काम हेर्दा सरकारले मानसिक स्वास्थ्यलाई महत्त्व दिन थालेको देखिन्छ। मानसिक स्वास्थ्यमा समस्या भएका व्यक्तिहरूको उपचारका लागि सरकारले सबै प्रदेशमा एक/एक पुनःस्थापना केन्द्र स्थापना गर्ने नीति कार्यान्वयनमा ल्याउनुलाई पनि सकारात्मक कदमका रूपमा लिन सकिन्छ। राष्ट्रिय योजना आयोगले समेत मानसिक स्वास्थ्यलाई महत्त्व दिँदै आत्महत्या रोकथाम सम्बन्धी राष्ट्रिय कार्ययोजना बनाउन थालेको छ।

राष्ट्रिय बजेटको कम्तीमा १० प्रतिशत स्वास्थ्य क्षेत्रका लागि छुट्याइनुपर्ने अन्तर्राष्ट्रिय मान्यता रहे पनि नेपालमा करिब ६ प्रतिशत मात्र बजेट विनियोजन गरिन्छ। र, सोमध्ये पनि न्यून मात्र मानसिक स्वास्थ्यको क्षेत्रमा लगानी गरिने अभ्यास छ। सरकारले मानसिक रोगको उपचार निःशुल्क गर्ने भनिरहे पनि औषधि किन्नुपर्ने बाध्यता रहिरहनु र तोकिएका औषधि सजिलै उपलब्ध नहुनु दुःखद छ। बिरामी दिनानुदिन बढिरहँदा पनि उपचार सेवा तथा स्वास्थ्य जनशक्तिको कमी हुनु र उपलब्ध जनशक्तिको परिचालन प्रभावकारी रूपमा गर्न नसक्नु मुख्य चुनौती बनिरहेका छन्। विद्यालय र विश्वविद्यालय तहमा मानसिक स्वास्थ्य र यस्तो समस्यामा परेका व्यक्तिहरूको अधिकारबारे पठनपाठन भएको छैन। मनोविमर्शकर्ता लगायत आवश्यक जनशक्तिको उत्पादन, परिचालन र व्यवस्थापनका लागि उपयुक्त वातावरण निर्माणमा तीनै तहका सरकारी निकायबीच समन्वय अभाव छ।

बिरामीले उपचार लिन जाँदा 'आखिर म तपाईंकोमै आउनुपर्‍यो' भन्ने गरेको पाइन्छ। यो आम बुझाइले मानसिक स्वास्थ्य समस्याको उपचारप्रति समाजमा विद्यमान धारणा कस्तो छ भन्ने घामजत्तिकै छर्लंग पार्छ। हिंसा सहेर बस्ने, एङ्जाइटी र डिप्रेसनको सिकार भइसक्दासमेत पारिवारको इज्जत जाने डरले पढे-लेखेका वा सम्भ्रान्त वर्गसमेत रोग निकै जटिल भएपछि मात्र उपचार प्रक्रियामा जाने गरेको पाइन्छ।

मानसिक समस्या भएका व्यक्तिहरूलाई समाजले गर्ने व्यवहार सकारात्मक हुन नसक्दा उनीहरूको बास सडकमा हुने गरेको पनि देखिन्छ। मानिस सामाजिक प्राणी हो, मानसिक स्वास्थ्य समस्याबाट ग्रस्त भएपछि आफू समाजमा बस्न नसक्ने अनुभूति गरी आत्महत्या गर्न पुग्नुमा को जिम्मेवार छ? घर, परिवार र समाज किन तिनका लागि बस्नयोग्य बन्न सकेनन्? समाजको यस्तो वास्तविकताबारे छलफल गर्न ढिलो गर्नु हुन्न। यस्तो अवस्थाको अन्त्यका लागि परिवार, समाज तथा अधिकारमुखी

*बाँकी तेस्रो पृष्ठमा*

## बैंक-बिमा क्षेत्रमा मर्जरको लाभहानि

**रिसव गौतम**

यतिबेला बैंक तथा बिमा क्षेत्रमा मर्जरको चटारो छ। नेपाल राष्ट्र बैंकले दिएको समयसिमाभित्र मर्जरमा गए बैंकहरूले सहुलियतको सुविधा पाउनेछन्। त्यसको समय सीमा घर्किन लाग्दा बैंकहरूमा चटारो बढेको हो। हाल ग्लोबल आईएमई बैंक र बैंक अफ काठमान्डु, सिभिल बैंक र हिमालयन बैंक, मेघा बैंक र नेपाल इन्भेस्टमेन्ट बैंक, कुमारी बैंक र नेपाल क्रेडिट एन्ड कमर्स बैंक, सेन्चुरी कमर्सियल बैंक र प्रभु बैंक मर्जर तथा प्राप्तिको प्रक्रियामा छन्। ठूला बैंकहरूको 'बिग मर्जर'मा जाने तयारीले वित्तीय बजारमा एक खालको तरंग पैदा भइरहेको छ। फलस्वरूप सेयर बजार 'पर्ख र हेर'को अवस्थामा छ। तरलता अभावको संकट कायमै रहिरहेको बेला मर्जर तथा प्राप्तिको प्रक्रियाको बिजनेस बैंकहरूले पाइरहेका छन्।

केही महिनाअघि मात्र निजी क्षेत्रको ठूलो बैंकमध्येको एक नबिल बैंक र नेपाल बंगलादेश बैंकबीच मर्जर प्रक्रिया सफल भइसकेको छ। यद्यपि त्यसरी 'बिग मर्जर'का कारण बैंकका सयौं कर्मचारीहरूले रोजगारी गुमाइरहेका छन्।

ठूला कमर्सियल बैंकहरूको संख्या ३२ बाट घटेर २०-२२ वटामा सीमित हुने पक्का भइसकेको छ। करिब १० वटा बैंकहरू त अहिले नै एकअर्कामा मर्जर तथा प्राप्तिको प्रक्रियामा छन्। मर्जरको प्रक्रियामा नरहेका कतिपय बैंकहरू पनि उचित पाटनरको खोजीकै क्रममा देखिन्छन्। यसरी ठूला वाणिज्य बैंकहरूको संख्या निकट भविष्यमै कम हुने भएको छ।

बैंकहरूमात्र होइन् अहिले बिमा कम्पनीहरू पनि धेरैजसो मर्जर तथा प्राप्तिकै प्रक्रियामा जोडतोडले लागिरहेका छन्। बिमा समितिले २०७९ चैत्रसम्म जीवन बिमा कम्पनीहरूलाई ५ अर्ब र निर्जीवन बिमा कम्पनीहरूलाई २ अर्ब रुपैयाँ अनिवार्य चुक्ता पुँजी पुर्‍याउन निर्देशन जारी गरेसँगै एकआपसमा मर्जर गर्ने बाहेकका विकल्पहरू उनीहरूसँग रहेन्।

हाल बिमा बजारमा ४३ वटा बिमा कम्पनीहरू छन्। जसमध्ये १८ वटा बिमा कम्पनीहरू मर्जरको प्रक्रियामा छन्। धेरैजसो काठमाडौं उपत्यकामै आफ्ना बिमा गतिविधिहरू सीमित राखेका बिमा कम्पनीहरू स्थापनाको छोटो दौरानमै मर्जरमा जाँदै छन्।

अहिलेको लागि मर्जर एकखाले फेसनजस्तो पनि भइरहेको छ। बैंक तथा बिमा क्षेत्रमा मर्जरको होडबाजीले अर्थतन्त्रमा पार्ने नकारात्मक वा सकारात्मक असर जे होस् त्यसको खुला बहस भने हुन सकेको छैन। नेपालमा अझै पनि ठूलो संख्यामा नागरिक वित्तीय तथा बिमा पहुँच बाहिर छन्। जनसंख्याको ठूलो हिस्सा पहुँच बाहिर रहँदा बैंक तथा बिमा क्षेत्रमा भइरहेको मर्जरले कस्तो प्रभाव पार्ला त? त्यसको हिसाबकिताब वा अंकगणित राजनीतिमा जस्तो यहाँ राखिएका छैनन्।

वास्तवमा मर्जरको सबैभन्दा ठूला लाभकर्ता यिनीहरूका ठूला लगानीकर्ता नै हुन्। त्यसैगरी मर्जरको सबैभन्दा नोक्सानी रोजगारी क्षेत्रलाई नै हुने हो। त्यसबाहेक मर्जरको असर कति सकारात्मक, कुन कुरामा लाभदायक र कुन कुरामा नकारात्मक वा अहितकारी होला त्यसको मिहिन अध्ययन आवश्यक छ।

खुला बजार अर्थतन्त्रमा संस्थाहरू जन्मनु र लोप हुनु स्वाभाविक हो। खुला बजारमा बजारले नै सबै कुराको निर्धारण गर्ने हुँदा धेरै कुराहरू बजारमा निर्भर रहन्छन्। तैपनि राज्यले आफूले जन्माएका संस्थाहरूलाई सुदृढ, पारदर्शी, जोखिमरहित, व्यावसायिक बनाउँदै लैजानु पर्ने दायित्व रहन्छ। खासगरी त्यही तथ्यमा टेकेर राष्ट्र बैंक तथा बिमा समितिले मर्जरमा प्रोत्साहन गरेका हुन्। तर अहिले जुन ढंगले र संख्यामा वित्तीय संस्थाहरूबीच, बिमा कम्पनीहरूबीच मर्जर हुँदैछन् त्यसले रोजगारीको क्षेत्रमा, वित्तीय पहुँचमा, बिमा पहुँचको विस्तारमा, उद्यमशीलता अभिवृद्धिको कुरामा, आर्थिक असमानता हल गर्ने कुरामा, समग्र आर्थिक तथा सामाजिक विकासमा पुर्‍याउन सक्ने असरको बारेमा यथोचित अध्ययन हुनुपर्छ। यद्यपि भएको छैन। भूपरिवेष्टित र एउटा खालको विशिष्ट संरचना, परिवेशमा रहेको हाम्रो मुलुकले सबै कुरामा विदेशीको नक्कल मात्रै गर्नुपर्छ भन्ने छैन। अहिले जुन ढंगले मर्जरहरू हुँदैछन् त्यसले सबैजसो बैंक तथा बिमा कम्पनीहरूको साँचो सीमित उच्च व्यापारिक घरानाको हातमा पुग्ने लाग्दैछन्। त्यसले गर्दा बैंक सञ्चालक र ठूला व्यवसायी एकै हुँदा ठूलो परिमाणमा जनताबाट संकलन गरिएका रकम कहाँ बढी लगानी होला त? वित्तीय पहुँच बढेको तथ्यांकहरू सार्वजनिक भइरहे पनि कर्जाको पहुँचमा कसको प्रभाव रहला?

कति मानिस कर्जाको पहुँचमा पुग्लान् त? सहजै अनुमान गर्न सकिन्छ। तिनै व्यवसायीहरू नै बढी बैंकहरूबाट लाभग्राही हुने हुन्। जसको नेतृत्वमा उनीहरू छन्। ठूला व्यापारीहरू नै अधिकांश ठूला बैंकका मालिक तथा नेतृत्वकर्ता भएपछि जनताले अवश्य पनि कर्जा पाउन कठिन हुन्छ। धेरैजसो कर्जा घुमाई फिरी उनीहरूकै व्यापारिक संघसंस्थाहरूमा पुग्न सक्छन्। आम सर्वसाधारणहरूले कर्जा सुविधा पाउन उनीहरूकै ज्यू हजुर भन्नुपर्ने हुन सक्छ। त्यसकारण व्यापारी र बैंक सञ्चालकहरूलाई अलग गर्न अति जरुरी छ। नेपाल राष्ट्र बैंकले त्यसतर्फ विचार पुर्‍याउन जरुरी छ।

बैंकिङ भनेको पब्लिक सरोकार र सम्बन्धको विषय पनि हो। व्यवसायीहरू मात्रै मोटाउने र आम सर्वसाधारण यथेष्ट लाभग्राही हुन नसक्ने हिसाबको बैंकिङ आजको आवश्यकता होइन। यद्यपि उद्यमशीलता अभिवृद्धि गर्न,

*बाँकी तेस्रो पृष्ठमा*

## बैंक-बिमो....

राष्ट्रिय अन्तर्राष्ट्रिय व्यापारिक गतिविधिहरू फष्टाउन बैंकहरू नै चाहिन्छन्। त्यसकारण बैंक र व्यवसायीहरू एकअर्काका पूरक तत्त्व हुन्। यिनीहरूलाई सन्तुलित सम्बन्धमा राखिराख्न राष्ट्र बैंकको अहम् भूमिका देखिन्छ। अहिले कुनैबेला ३२ वटा वाणिज्य बैंकहरू रहेकामा २२ वटामा सीमित हुन लाग्दैछन् मर्जर तथा प्राप्तिका कारण।

मर्जरका कारण बैंकहरूको नेतृत्वमा उच्च घरानिया व्यापारी पुग्छन्। निक्षेपकर्ता चाहिँ देशैभर छरिएका सर्वसाधारणसमेत हुन्छन्।

त्यसो हुँदा देशैभरबाट संकलित निक्षेप कर्जाको रूपमा सधैँभरि ठूला व्यापारीहरूले मात्रै घुमाउन पाउने भए। जनताले ऋण पाउन गाह्रो हुने भयो। यसर्थ कमर्सियल बैंकहरू मात्रै होइन विकास बैंक, वित्त कम्पनीलगायत सबै वित्तीय संस्थाहरू आम सर्वसाधारणको पहुँचमा, आम सर्वसाधारणले अपनत्व ग्रहण गर्न सक्ने हुन जरुरी छ।

पब्लिक कम्पनीहरू भनेका त्यससँग जोडिएका आम मान्छेका हुन्। त्यसकारण सबैले त्यसबाट उत्तिकै लाभ पाउन सक्नुपर्छ।

अहिले बैंकहरूमात्र होइन बिमा कम्पनीहरू पनि अधिकांश व्यापारीले नै चलाएका छन्। ठूला वाणिज्य बैंकहरूकै लगानी अधिकांश बिमा कम्पनीहरूमा पनि छ।

मर्जरमार्फत ती कम्पनीहरू पनि उच्च घरानियाहरूकै हातमा पुग्दैछन्। त्यसो हुँदा मर्जर कसरी सबैको हितमा हुन सक्यो ?

सामाजवादी अर्थ दृष्टिकोणले हेर्दा अहिलेको मर्जर नीति उपयुक्त छैन। पुँजीवादी आर्थिक दृष्टिले हेर्दा पुँजीपतिहरूलाई थप आर्थिक जोहो गर्ने मामलामा मर्जर पक्कै पनि फलिफाप होला। मर्जरका कारण कर्मचारीहरू कटौती हुने भए, शाखाहरू विस्तार गरिरहनु पर्ने झन्झट भएन, किनकि मर्जर गर्दाको अर्को पाटर्नरको शाखा भए त्यसले चल्ने भयो। मर्जरमा जाँदा सहुलियतहरू मिल्ने भए।

पुँजी एकीकृत हुने भयो। फाइदाहरू बढोत्तरी हुने भए त्यसकारण पुजीपतिहरू जसले बैंक तथा बिमा कम्पनीहरूमा बढी लगानी गरेका छन् उनीहरूलाई लाभ हुने भयो।

आम सार्वसाधारणहरूलाई त्यसले थप फाइदा देला भनेर भन्न सकिने अवस्था छैन। मर्जरका कारण त्यसरी थपिन सक्ने लाभहानिको आवश्यक अध्ययनसम्म नेपाल राष्ट्र बैंक तथा बिमा समितिले गरेको देखिँदैन।

फगत हचुवाको भरमा पुँजीवृद्धि, मर्जर तथा प्राप्तिका लागि प्रावधानहरू ल्याइएका छन्।

त्यस्ता खालका नीतिगत व्यवस्थाहरू गर्दा कस्तीमा आवश्यक अध्ययन गरिएको भए हो है, आम सर्वसाधारणलाई त्यसले राम्रो गर्छ है भन्ने हुन्थ्यो।

तर पुँजीपतिहरूलाई मात्रै हित हुनेगरी लाखौंलाख पब्लिक जोडिएका कम्पनीहरूलाई छोडिदिने हो भने धनी र गरिबहरूबीचको खाडल कहिले पुरिएला त ? नयाँ संविधानमै समाजवादतर्फ लम्कने भनिएको छ सो तथ्य कसले बुझ्ने ? सीमित धनीहरूलाई धनी बनाउँदै जाने हो भने बाँकी रहेका सारा जनताको सुखका दिन कहिले आउला ?

त्यसकारण सबैं जनतालाई सँगसँगै धनी र समृद्ध बनाउँदै लैजाने समाजवादी आर्थिक दृष्टिकोण सरकारले राख्न जरुरी छ। आर्थिकजस्तो अति संवेदनशील विषयमा आम जनतालाई सर्वोपरि राखेर मात्र नीतिगत व्यवस्थाहरू गरिनु पर्छ। त्यसले मात्र सबैको भलाइ हुनेछ।गौतम अर्थ-राजनीतिक विश्लेषक हुन्।**साभार अन्नपूर्णपोष्ट्**

## नयाँ.....

बढी भएपछि नेपाललाई दिन सक्यो, अप्ठ्यारो परेका बेला। विगतमा नेपालसँग निकै राम्रो सम्बन्ध भएका केही देशले समेत त्यस्तो खोप नेपाललाई नदिई भुटानलाई दिए। त्यो किनभने, भुटानले ती देशहरूसँगको सम्बन्धलाई प्राथमिकतामा राखेको थियो। भुटान (९० औं) को पासपोर्ट नेपाल (१०३ औं) को भन्दा शक्तिशाली हुनुले पनि उसको अन्तर्राष्ट्रिय हैसियत प्रस्ट हुन्छ।

अन्तर्राष्ट्रिय मामिला र आर्थिक विकासकै अन्तरसम्बन्धको कुरा गर्ने हो भने, आजको विश्वमा विकासका लागि नेपाललाई अरू देशसँग राम्रो व्यापारिक सम्बन्ध र विदेशी लगानी चाहिन्छ। लगानी /व्यापारमा नेपालले भन्दा धेरै नाफा दिलाउन सक्ने कैयौं अरू देश छन्। त्यसैले 'हामी विदेशी लगानी भित्र्याउँछौं,' 'हामी राम्रो व्यापारिक सम्बन्ध राख्छौं' भनेर मात्र पुग्दैन। हो, यहीं छ राम्रो अन्तर्राष्ट्रिय सम्बन्धको मुख्य उपादेयता। जसरी दुई देशबीच सम्बन्ध नराम्रो हुँदा व्यापारिक सम्बन्ध राम्रो हुँदैन, त्यसरी नै दुई देशबीच सम्बन्ध राम्रो हुँदा व्यापारिक सम्बन्ध राम्रो हुन्छ। लोकतन्त्रप्रति कटिबद्ध युरोपका केही देशलाई नेपालको शान्ति प्रक्रिया र लोकतन्त्रमा भएका प्रगतिहरूबारे जानकारी गराएर रणनीतिक हिसाबमा उनीहरूसँग सम्बन्ध विस्तार गर्ने हो भने उनीहरूले नेपालको आर्थिक विकासका लागि अवश्य लगानी गर्ने थिए।

अहिले युरोपका केही देशमा श्रमको अभाव छ। ब्रेक्जिटपछि बेलायतमा गैरयुरोपेलीहरूका लागि रोजगारीको अवसर खुलेको छ। नर्सका लागि झैं अन्य क्षेत्रमा पनि नेपाली श्रमिक पठाउन समझदारी गर्न सकिन्छ। अरू केही युरोपेली मुलुकमा समेत स्वास्थ्य, शिक्षाजस्ता क्षेत्रमा श्रमको अभाव छ। नेपालको श्रमशक्तिलाई युरोपमा पठाउन सके उनीहरूले आफ्नो श्रमिक हक सुनिश्चित हुने काम पाउने थिए।

हुन त भविष्यमा नेपालले श्रम निर्यात होइन, आयात गर्ने देश हुने लक्ष्य राख्नुपर्छ तर अहिलेको अवस्थामा लाखौं नेपाली आधारभूत श्रमिक हकबिना, उचित काम गर्ने व्यवस्था नहुँदा पनि, विभिन्न देशमा काम गर्न बाध्य छन्। यस्ता नेपालीहरूलाई सरकारको पहलमा युरोप पठाउन सकियो भने उनीहरूको जीवनस्तर राम्रो हुने थियो। युरोपमा अवसरको प्रसंग त मैले आफ्नो सीमित व्यक्तिगत अनुभवका आधारमा मात्र उठाएकी हुँ। आजको विश्वमा यस्ता अवसर प्रचुर मात्रामा निस्किरहेका छन्, जसबाट नेपालले कमजोर अन्तर्राष्ट्रिय सम्बन्धका कारण फाइदा उठाउन सकिरहेको छैन। हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध कमजोर हुनुका थुप्रै कारकमध्ये प्रमुख हो– देशको नेतृत्वले २१ औं शताब्दीमा अन्तर्राष्ट्रिय सम्बन्धको महत्त्व नबुझ्नु। डिजिटल अन्तर्राष्ट्रिय सम्बन्धका सन्दर्भमा नेपालजस्ता 'ग्लोबल साउथ' का देशहरूलाई पहिलेभन्दा बढी नयाँ सम्भावनाका ढोकाहरू खुलेका छन्। एकातिर अमेरिका, चीन, भारत लगायतमा पुरानै शैलीको शक्ति-प्रतिस्पर्धा छँदै छ, अर्कातिर विश्वका पिछडिएका जनसंख्याको आवाजको सुनुवाइ, विश्वपुँजीको पुनर्वितरण, विश्व/सामाजिक न्यायजस्ता मान्यताहरू पनि स्थापित हुँदै छन्। तर बदलिँदो अन्तर्राष्ट्रिय सन्दर्भको यो गतिलाई समात्न नसक्दा हामी विश्वमा निकै पछाडि परिरहेका छौं। त्यसैले नयाँ प्रधानमन्त्रीको सबैभन्दा प्रमुख जिम्मेवारी भनेको नेपालको आर्थिक समृद्धि सुनिश्चित हुने गरी अन्तर्राष्ट्रिय सम्बन्धमा सबलीकरण गर्नु हो। यसमा नीतिगत र परराष्ट्र मन्त्रालय सम्बन्धी संरचनात्मक सबलीकरणका विषयहरू त छँदै छन्, यसका साथै नयाँ प्रधानमन्त्रीले गर्नुपर्ने महत्त्वपूर्ण सुधार हो– नेपालको हित जोडिएका मुलुकहरूमा रणनीतिक हिसाबले राजनीतिक तहमा सम्बन्ध विस्तार, जुन अहिले शून्यप्रायः छ। यसका लागि सबैभन्दा पहिले २१ औं शताब्दीमा विश्वमा नेपालको कस्तो पहिचान बनाउने, नेपालको के कथा सुनाउने भन्नेमा राष्ट्रिय सहमतिको आवश्यकता छ। सगरमाथा भएको र बुद्ध जन्मेको देशको छवि पुरानो भइसक्यो। गोरखाली राज्यको कथामा पनि नयाँपन हराइसक्यो। तर विश्वलाई भन्नलायक केही नयाँ कथाहरू भने बनेका छन्।

नेपालको शान्ति प्रक्रिया विश्वमै उदाहरणीय छ। नेपालको लोकतान्त्रिक संघर्षको यात्रा पनि विश्वलाई रोमाञ्चक लाग्न सक्छ। हामीले व्यवस्थापन गरेका विविधताका केही सिकाइ सम्पन्न देशहरूका लागि पनि प्रेरणादायी छन्। संवेदनशील भूगोल भएकाले, सगरमाथाको प्रतीक देखाएर नेपालले विश्वमञ्चमा वातावरणको मुद्दा सबैभन्दा आकर्षक ढंगले उठाउन सक्छ।

वातावरणमैत्री जीवनशैली – जसको आन्दोलनले विश्वमा गति समात्न थालेको छ – त हाम्रो मौलिक सभ्यता हो र यसको इतिहासबारे विश्वलाई बुझाउन सकिन्छ। सहिष्णु र सम्पन्न आध्यात्मिक धरोहरबाट प्राप्त हाम्रा बहुमूल्य मान्यताहरूको चर्चा गरेर नेपालले भौतिक प्रतिस्पर्धामा एकोहोरो दौडिरहेको विश्वलाई खुसीको वैकल्पिक बाटो देखाउने देशको परिचय कोर्न सक्छ। बढ्दो मानसिक समस्याले प्रताडित विश्वमा बुद्धले सिकाएको अन्तर्मनको शान्तिको हिमायती देशको चिनारी नेपालले बनाउन सक्छ।

यस्तै नयाँ युगको सन्दर्भ अनुसार नयाँ पहिचान र नेपालको नयाँ संकथन (न्यारेटिभ) बनाउन जरुरी छ ताकि विश्वसमुदाय नेपालप्रति आकर्षित होओस्, नेपालीहरूलाई सम्मान गरोस्। अहिले प्रधानमन्त्री अन्तर्राष्ट्रिय सम्बन्ध सुधार गर्न चुके भने, यसको आर्थिक घाटा त छँदै छ, विश्वमा नेपालीहरूप्रति बाँकी रहेको सद्भाव र सम्मान पनि गुम्न सक्नेछ।सभार इकान्तिपुर

## मानसिक......

संघसंस्थाहरू र समग्रमा राज्य जिम्मेवार छैन र ? मानसिक स्वास्थ्यमा समस्या भएका व्यक्तिहरूमाथि मात्र दोष थोपर्नु हुन्न। दोष व्यक्तिलाई होइन, उनीहरूका लागि उचित वातावरण बनाइदिन नसक्ने राज्यलाई लाग्छ।

मानसिक समस्या पनि एक प्रकारको अपाङ्गता हो। उपचार गरेर मात्र अपाङ्गता कम हुन सक्दैन। जनचेतना बढाए अपाङ्गता भएका व्यक्तिहरूले पाउने अवरोध कम गर्न सकिने हुँदा यतातिर सरकारको ध्यान बढी जानुपर्छ। समाजको अवस्था र व्यवहार तथा वातावरणले व्यक्तिविशेषमा अपाङ्गताको अनुभूति बढ्छ। तसर्थ सबैले मानसिक स्वास्थ्यबारेको बुझाइमा एकरूपता कायम गर्न, उपचार तथा मनोविमर्श पद्धति अवलम्बन गर्न र जीवनमा प्राप्त उपलब्धिप्रति सन्तुष्ट हुँदै अगाडि बढ्ने स्वभाव विकास गर्नु जरुरी छ। मानसिक स्वास्थ्यलाई आधारभूत अधिकारकै रूपमा मान्यता दिनु, विशिष्टीकृत सेवा मात्र नभएर प्राथमिक रूपमै यसको उपचार सेवा विस्तार गर्नु, उपयुक्त वातावरण र उपचार अभावमा मानसिक स्वास्थ्यमा समस्या भएका व्यक्तिहरू जोखिममा पर्ने र ज्यानै गुमाउनेसम्मको अवस्था सृजना हुनबाट रोक्नु, समस्यालाई बेलैमा पहिचान गरी उपचार प्रक्रिया अवलम्बन गर्न आमसञ्चार माध्यममार्फत सचेतनामूलक सन्देश प्रवाह गर्नुबाट पनि मानसिक स्वास्थ्यबारे चर्चा भइरहेको देखिन्छ। यद्यपि मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूलाई समाजले हेर्ने दृष्टिकोण अत्यन्त संकुचित छ। तिनलाई भेदभाव र दुर्व्यवहारजन्य व्यवहार गरिन्छ।

मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूको अधिकारलाई उपचार तथा मनोसामाजिक परामर्श गरी दुई पाटोबाट सम्बोधन गर्नुपर्ने विज्ञहरूको सुझाव छ। यसका लागि मानसिक स्वास्थ्यबारे सचेतना तथा जानकारी बढाउन शिक्षामूलक तालिमका तरिकाहरू प्रयोग गर्नुपर्छ। समाजमा विद्यमान विभेदको अन्त्य गरी जनचेतना बढाउन पनि यो आवश्यक छ। सामाजिक सुरक्षामार्फत गुणस्तरीय सेवाप्रवाहको सुनिश्चितता पनि गर्नुपर्छ। मानसिक स्वास्थ्यमा समस्या भएकाहरूका लागि निःशुल्क उपलब्ध हुने औषधिबारे जानकारी फैलाउन सके उपचार सेवामा पहुँच वृद्धि हुन मद्दत पुग्छ।

व्यक्तिगत, पारिवारिक, सामाजिक र पेसागत तहमा तथा कार्यस्थलहरूमा मानसिक स्वास्थ्य तथा यस्तो समस्या भएका व्यक्तिहरूको अधिकारको सवालमा सचेतना वृद्धिको खाँचो छ। यसका लागि लिइएका नीतिहरूसमेत कार्यान्वयन अभावमा अलपत्र परिरहेका छन्। जिम्मेवारीबोध गर्ने र जवाफदेह बन्ने संस्कृतिले मात्र कार्यान्वयन पक्षमा सुधार ल्याउन सकिन्छ।

मानसिक स्वास्थ्य सम्बन्धी भइरहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासको नियमित समीक्षा गरी यस क्षेत्रको सुधारका लागि आवश्यक कार्यदिशा निर्माण गर्न सरोकारवालाहरूले जोड दिनुपर्छ। मानसिक स्वास्थ्यमा समस्या भएका व्यक्तिहरूको हक-अधिकारको सवाल ओझेलमा परिरहेको छ। यसबारे समाजमा खुलेर बोल्न सक्ने तथा उपचार लिन सक्ने

वातावरण बनाउनुपर्छ। यस क्षेत्रमा आवश्यक स्रोतसाधनको जोहो तथा पूर्वाधार निर्माण गरी सबैले सम्मानपूर्ण जीवनयापन गर्न पाउने सुसंस्कृत समाज निर्माणमा राज्य अग्रसर हुनु जरुरी छ।सभार इकान्तिपुर

## तत्कालीन.....

जरिवानाको फैसला सुनाइएको छ। अवकाश भइसकेका इन्जिनियर पोखरेललाई पनि ६ महिना कैद र ८ हजार रुपैयाँ जरिमानाको फैसला सुनाइएको छ। शाखा अधिकृतहरू पोखरेल, थपलिया र रेग्मीलाई समान चार महिना कैद र ६ हजार रुपैयाँ जरिमानाको फैसला सुनाइएको छ। बाँकी ३१ जनाले भने सफाइ पाएका छन्। यो समाचार राजधानी दैनिकामा छ

## विद्यालयका...

कन्या मा.वि.कि शिक्षिका अन्नपूर्न मानन्धरको विशेष पहलमा दुवै विद्यालयका विद्यार्थीलाई जाडोमा न्यानो कपडा उपलब्ध गराइएको संस्थाकी कोषाध्यक्ष त्यायनाले बताइन्।

संस्थाले जाडोमा न्यानो बनाउने अभियान अन्तर्गत आधारभुत कक्षामा अध्ययनरत विद्यार्थीका लागि न्यानो कपडा वितरण गरेको हो।

यश अघि संस्थानले सडक पेटी र खुला आकाशमा रात बिताउन बाध्य विपन्नहरुलाई कम्बल उपलब्ध गराउनुका साथै मानव सेवा आश्रममा आश्रीतहरुलाई पनि न्यानो कपडा कम्बल उपलब्ध गराएको थियो।

स्वेटर वितरण कार्यक्रममा विद्यालयका शिक्षक, अभिभावक समितिका पदाधीकारी, संस्थाका प्रतिनिधि लगायतको सहभागिता रहेको थियो।

## अस्पतालले......

शिशुको उपचारमा कोशी अस्पतालको आकस्मिक कक्षमा कार्यरत मेडिकल अफिसर डा.आकाश यादवको नेतृत्वमा तीन जना स्वास्थ्यकर्मी खटिएका थिए। शिशुका आफन्तले हातपात गर्दा उनी सामान्य घाइते भएका छन्। उनको टाउकोमा चोट लागेको छ।

जिउँदै बच्चालाई मृत घोषित गरेको भन्दै हातपातमा उत्रिएपछि प्रहरीले तीन जनालाई पक्राउ गरेको थियो।

कोशी अस्पताल विराटनगरका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. लक्ष्मीनारायण यादवले हातपात गर्नेहरुले माफी मागेपछि मिलापत्र भएको बताए। उनले शिशुलाई मृत घोषित गरेको विषयमा चिकित्सकमाथि सोधपुछ गरिएको बताए।

सञ्चारकर्मीमाथि दुर्व्यवहार

जिउँदो शिशुलाई अस्पतालले मृत घोषित गरेको विषया रिपोर्टिङका लागि पुगेका पत्रकारले आफूमाथि कोशी अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. लक्ष्मीनारायण यादवले दुर्व्यवहार गरेको बताएका छन्।

रिपोर्टिङका लागि पुगेका स्थानीय पत्रकार सोनुकुमार दासले आफूमाथि दुर्व्यवहार भएको बताएका हुन्।

बुधबार बिहान मेसु यादवले आफ्नै कार्यकक्षमा दुर्व्यवहार गरेको उनले बताए। शिशुको उपचारको विषयमा प्रश्न गर्दा आफूलाई ठेलेर कार्यालयबाट बाहिर निकालेको उनले बताए। पछि मेसु यादवले उनीसँग माफी मागेका थिए।

# शक्ति बाँडफाँटमा पुनर्विचार गर्न प्रधानमन्त्रीलाई जसपाको आग्रह



४ माघ, काठमाडौं। जनता समाजवादी पार्टी (जसपा) ले शक्ति बाँडफाँटमा पुनर्विचार गर्न प्रधानमन्त्रीलाई आग्रह गरेको छ।

जसपा संसदीय दलको बुधबार बसेको बैठकले अहिलेको प्रस्तावमा असहमति जनाएको छ र यथास्थितिमा सरकारमा नजाने निर्णय गरेको छ। सत्तारुढ दलका शीर्ष नेताहरुले जसपालाई दुई मन्त्रालय लिएर सरकारमा सहभागी हुन आग्रह गरेका थिए।

तर बैठकमा सहभागी जसपा अध्यक्ष उपेन्द्र यादवले त्यसमा असहमति जनाएका थिए। स्रोतका अनुसार जसपाले उपराष्ट्रपतिमा दाबी गरेको छ, तर माओवादी यो दिन तयार भएको छैन।

जसपा संसदीय दलका नेता रामसहाय यादव भन्छन्, अहिलेको शक्ति बाँडफाँटमा हाम्रो असहमति छ। यसलाई पुनर्विचार गर्न प्रधानमन्त्रीलाई आग्रह गरेका छौं।'

# कार्यकर्ता भर्ती गर्ने संस्था खारेज हुनु पर्छ : साह

धनुषा – मधेस प्रदेश माओवादी संसदीय दलका नेता भरतप्रसाद साहले प्रदेशमा कार्यकर्ता भर्ना गर्न स्थापना गरिएका संस्था मर्ज गर्नुपर्ने बताएका छन्। मुख्यमन्त्रीलाई विश्वासको मतका लागि बुधबार पेस भएको प्रस्तावमाथिको छलफलमा सहभागी भएका मधेस प्रदेशका निवर्तमान गृह तथा सञ्चारमन्त्री साहले प्रदेशको विकासका लागि साधारण खर्च कटौती गर्न सुझाव दिए।'मधेस प्रदेशको पहिलो सरकारले अनावश्यक कार्यालय स्थापना गरेर प्रदेशको साधारण खर्च बढाएको छ,' साहले भने, 'एउटै काम गर्न दुई फरक-फरक कार्यालय खोलिएको छ। मन्त्रीले आफ्ना कार्यकर्ता भर्नाका लागि मात्रै कार्यालय स्थापना भएका छन्। मिडिया काउन्सिल, आमसञ्चार प्राधिकरणको काम एउटै भए पनि कार्यकर्ता भर्ती गर्नमात्रै दुई संस्था स्थापना गरिएको हो।

'प्रदेश सरकारले स्थापना गरेको जनलोकपाल आयोगको पनि कुनै काम नहरेकोले साधारण खर्च बढाउने संस्थाहरुलाई मर्ज गरेर सरकार अगाडि बढ्नु पर्नेमा साहको जोड थियो। प्रदेशसभाको पहिलो कार्यकालमा अधिकारका लागि संघर्ष गरे पनि सफलता प्राप्त नभएकोले दोस्रो कार्यकाल पनि संघर्षकै बाटोमा रहेको भन्दै उनले प्रदेश प्रहरी र निजामती ऐन कार्यान्वयन गर्न राजनीति दल एकमत भएर अगाडि बढ्नु पर्ने साहले बताए।प्रदेश सरकारको विकास योजना खुद्रे र टुक्रे भएको टिप्पणी गर्दै साहले प्रदेशमा विकास र परिवर्तन अनुभूति गर्न बृहत् योजनाको आवश्यकतामा जोड दिए।

'प्रदेश सरकारले १/२ सय किलो मिटर सडक ढलान र देवी देवताको मठ मन्दिर निर्माणमा १/२ लाख खर्च गर्ने योजनाले प्रदेश विकास सम्भव छैन,' साहले भने,'प्रदेश



सरकारले बजेट रकमान्तर गरेर भए पनि सप्तरीदेखि पर्सासम्म ८ वटै जिल्लाको मध्यबाट ६ लेनको सडक बनाउन सक्नुपर्छ।''पूर्व-पश्चिम महेन्द्र राजमार्ग, पूर्व-पश्चिम रेलमार्गले मधेसका नागरिकको जीवनस्तरमा कुनै परिवर्तन नभएको र हुलाकी राजमार्गलाई लामो दुरी तय गर्न नसक्ने भएकोले प्रदेश सरकारले सप्तरीबाट पर्सासम्म जिल्लाको मध्यक्षेत्रबाट ६ लेनको सहित राजमार्ग बनाए तत्काल विकासको अनुभूति गर्न सकिन्छ,' उनले भने।

६ लेनको सडकले किसानको आवश्यकता पूर्ति गर्न र उद्योग सञ्चालन भएर प्रदेशको विकासमा मद्दत पुग्ने साहले बताए। प्रदेशका स्वास्थ्य सेवा सुधार गर्न प्रादेशिक अस्पतालको सेवामा सुधार गर्नु पर्ने पनि उनको भनाइ थियो।मधेस प्रदेशले संघीयता सफल बनाएमात्र मुलुकमा संघीयताको सफल कार्यान्वयन हुने साहले दाबी गरे।

'मधेस प्रदेशले मात्रै पहिचान सहितको संघीयता कार्यान्वयन गर्न सफल भइरहेको छ,' साहले भने,'मधेस प्रदेशबाहेक कुनै पनि प्रदेशको नाम पहिचानको अधारमा हुन सकेन।

'संघीयता कार्यन्वयनका लागि आवश्यक अधिकारहरु सबै मिलेर मात्रै पूरा गर्न सक्ने भएकोले अग्निपरीक्षा मधेस प्रदेशका दलहरुले दिन बाँकी रहेको साहले बताए।

# जिप्रका पर्साद्वारा मानव सेवा आश्रमलाई ५० थान कम्बल सहयोग



वीरगन्ज । जिल्ला प्रशासन कार्यालय पर्साको जिल्ला विपद व्यवस्थापन समितिले वीरगन्ज महानगरपालिकामा रहेको मानव सेवा आश्रमलाई ५० थान कम्बल उपलब्ध गराएको छ । आश्रममा रहेका आश्रितहरुलाई जाडोमा चिसोबाट जोगिनका लागि जिल्ला विपद व्यवस्थापन समितिले ५० थान कम्बल उपलब्ध गराएको हो । प्रमुख जिल्ला अधिकारी उमेश ढकालले मानव सेवा आश्रम वीरगन्जकि संयोजक सानु गुरुङ मानवसेवालाई कम्बल हस्तान्तरण गरेका हुन् ।

गुरुङका अनुसार, आश्रममा अहिले सडकबाट उद्धार गरिएका ५० जना सहयोजापेक्षी रहेका छन् । उनिहरु अहिलेको कठ्याङ्गिदो जाडोमा समस्यामा नपरुन् भनेर न्यानो कम्बल उपलब्ध गराइएको प्रमुख जिल्ला अधिकारी ढकालले बताए ।

# अस्पतालले मृत घोषित गरेका शिशुले शास फेरेपछि'



४ माघ, विराटनगर।१९ दिनका शिशुले दूध नखाएपछि उमादेवी मुखियालाई आफन्त र छरछिमेकीले अस्पताल लैजान सल्लाह दिए ।

बुधबार बिहान विराटनगर १० मा रहेको माइती घरबाट श्रीमान दीलिप मुखियासहित आफन्तले एम्बुलेन्समा ल्याएर शिशुलाई कोशी अस्पतालको इमरजेन्सी वार्डमा भर्ना गरे । जहदा गाउँपालिकाको वडा नम्बर ३ घर भए पनि बच्चा जन्मिएपछि उमादेवी माइतीघर विराटनगर १० आएकी थिइन् ।

अस्पताल पुगेको केही समयपछि चिकित्सकले शिशुको धडकन नचलेको भन्दै मृत घोषित गरे । १९ दिनको छोरीको मृत्युको खबरले उमासहित आफन्तको रुवावासी चल्यो ।

अन्त्येष्टिका लागि भन्दै माइती घर लिएर गए। तर घर पुगेपछि आफन्तले हेर्दा शिशुले सास फेरिन् । हात खुट्टा पनि चलाएपछि हतार हतार एम्बुलेन्स बोलाएर कोशी अस्पताल नजिकै रहेको गोल्डेन अस्पताल भर्ना गरे ।

बुधबार बिहान भर्ना गरिएकी शिशुको एनआईसीयूमा उपचार भइरहेको अस्पतालले जनाएको छ। कम तौलको शिशुमा शारीरिक कमजोरी, संक्रमण र चिसोका कारण समस्या भएको हुनसक्ने गोल्डेन अस्पतालका चिकित्सक डाक्टर सतिश यादवले जानकारी दिएका छन्। उमादेवीका अनुसार छोरीले दूध नखाएपछि बिहान कोशी अस्पताल लगिएको थियो। अस्पतालमा शिशुलाई तीन जनाले जाँच गरेका थिए । चिकित्सकले लापरबाही गरी आफ्नो बच्चालाई जिउँदै हुँदा मृत घोषित गरेको उनले आरोप लगाइन् ।

### चिकित्सकमाथि हातपात

मृत घोषित गरेको शिशुले सास फेरेपछि गोल्डेन अस्पताल भर्ना गरेका शिशुका आफन्तले कोशी अस्पतालमा गएर चिकित्सकमाथि हातपात गरेका छन् ।

बाँकी तेश्रो पृष्ठमा

# मधेस प्रदेशका मुख्यमन्त्री यादवलाई शतप्रतिशत विश्वासको मत



जनकपुरधाम। मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशसभामा उपस्थितको शतप्रतिशत विश्वासको मत प्राप्त गरेका छन् ।

प्रदेशसभाको बुधबार बसेको बैठकमा मुख्यमन्त्री यादवले शतप्रतिशत विश्वासको मत पाएका हुन् ।

प्रदेशसभामा रहेका १० राजनीतिक दल र स्वतन्त्र सांसदहरुले यादवलाई विश्वासको मत दिएका हुन् ।

मुख्यमन्त्रीलाई विश्वासको मत प्राप्त गर्न ५४ सांसद आवश्यक रहेकोमा बुधबार प्रदेशसभामा उपस्थित १०२ जना सांसदमध्ये उनको पक्षमा ती सबै १०२ जना सांसदले विश्वासको मत दिएका हुन् ।

विपक्षमा कुनै पनि मत परेन । मधेस प्रदेशमा १०७ जना प्रदेश सांसद छन् । माओवादीका २ जना सांसदलाई अदालतले शपथ रोकेको छ ।

जसपाबाट मुख्यमन्त्री भएका यादवलाई प्रदेश सभाको ठूलो दल एमाले, दोस्रो ठूलो दल कांग्रेस, जनमत, लोसपा, नेकपा (एस), माओवादी केन्द्र, नेससपा, नागरिक उन्मुक्ति पार्टी र राप्रपाले समेत विश्वातको मत दिएका छन् ।

यादव जनता समाजवादी पार्टीबाट मुख्यमन्त्री बनेका हुन् ।साभारः कान्तिपुर

# पर्सामा माघ ९ र १० गते बालबालिकालाई कोभिड विरूद्धको खोप लगाइने

पर्सा । पर्सामा ५ वर्ष देखि ११ वर्ष उमेर समूहका बालबालिकाहरुलाई कोभिड-१९ विरुद्धको फाइजर खोप माघ ९ र १० गते लगाइने भएको छ ।

जिल्ला खोप समन्वय समिति पर्साको मङगलबार बसेको बैठकले जिल्लाभर रहेका ५ देखि ११ वर्ष उमेर समुहका बालबालिकालाई यहि माघ ९ र १० गते कोभिड-१९ विरुद्धको फाइजर खोप लगाउने निर्णय गरेको स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले जानकारी दिए । प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकालको अध्यक्षतामा बसेको जिल्ला खोप समन्वय समितिको बैठकले जिल्लाका १४ वटै पालिकाममा खोप कन्द्र सन्चालन गरि उक्त उमेर समूहका बालबालिकालाई फाइजर खोप लगाउने निर्णय गरेको ठाकुरले बताए ।

बैठकले खोप अभियान सन्चालनका लागि स्वास्थ्य कार्यालय पर्साले १४ वटै पालिकामा समन्वय गर्ने, खोप अभियान सन्चालनका लागि जिल्ला स्थित शिक्षक महासंघ ,नेपाल ररेडक्रस सोसाइटी, प्याब्सन, एनप्याब्सन, अभिभावक संघसँग समन्वय गर्ने निर्णय पनि गरेको ठाकुरले जानकारी दिए।

फाइजर खोप लगाएका बालबालिकामा कोभिड-१९ को संक्रमणबाट हुने जटिलता कम देखिने गरेकाले यो अभियानमा सरिक भइ आ आफना बालबालिकालाई खोप लगाउन अभिभावकहरुलाई ठाकुरले आग्रह पनि गरेका छन् ।

# यस्ता छन् मन्त्रिपरिषद् निर्णय

काठमाडौं, माघ ४

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मालाई सरकारको प्रवक्ताको जिम्मेवारी दिइएको छ।

बुधबार अपरान्ह सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकले सञ्चारमन्त्री शर्मालाई नेपाल सरकारको प्रवक्ताको जिम्मेवारी दिने निर्णय गरेको हो।

मन्त्री शर्मालाई सरकारको प्रवक्ताको जिम्मेवारी दिने निर्णय बैठकले गरेको उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जानकारी दिए।



त्यसैगरी बैठकले सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम कार्यान्वयनका लागि एक हप्ता भित्र कार्ययोजना निर्माण गरी मन्त्रिपरिषद बैठकमा पेश गर्न पनि सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएको छ।

मन्त्रिपरिषदमा पेश भएको कार्ययोजना पारित भएपछि त्यसलाई कार्यान्वयनमा लैजाने गरी सो निर्देशन दिइएको पनि उपप्रधानमन्त्री पौडेलले बताए।

बैठकले सरकारले प्रदान गर्ने विभुषणको स्पष्ट मापदण्ड तय गर्न समिति बनाउने निष्कर्ष पनि निकालेको छ।

विश्वविद्यालय अनुदान आयोगको अध्यक्षमा प्राध्यापक डाक्टर देवराज अधिकारीलाई नियुक्त गर्ने निर्णय पनि गरेको छ।

त्यसैगरी बैठकले प्रतिक्विटल उखुको मूल्य ५४० रुपैया तोकेको छ। र, सरकारले व्यहोर्ने ढुवानी भाडा ७० रुपैयाँ निर्धारण गरिएको पनि उपप्रधानमन्त्री पौडेलले बताए। त्यसैगरी क्रसर उद्योगसँग सम्बन्धित समस्याको बारेमा बैठकमा छलफल भएको पनि पौडेलले बताए। यस विषयमा थप छलफल गरी उपयुक्त निर्णय पनि गर्ने उनले बताए। कूटनीतिक नियोगलगायतका विदेशी प्रतिनिधिहरूलाई मन्त्रीहरूले भेट्दा परराष्ट्र मन्त्रालयको प्रतिनिधिको उपस्थिति अनिवार्य गर्ने पनि आजको बैठकले निर्णय गरेको छ। साथै आजको बैठकले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव केशव शर्मालाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव गोपाल सिग्देललाई ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयमा सरूवा गर्ने निर्णय पनि भएको छ।

# श्रममन्त्री संलग्न म्यानपावरविरूद्ध विभागमा छ ठगी उजुरी

४ माघ, काठमाडौं । नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्याल अन्तर्राष्ट्रिय बजार निर्देशक रहेको श्रृष्टि ओभरसिज इम्प्लोइमेन्ट सर्भिस प्रालिले ठगी गरेको भन्दै क्षतिपूर्तिको लागि वैदेशिक रोजगार विभागमा उजुरी परेको पाइएको छ । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार मनालाल महतासहित ७ जनाले मलेसियामा रोजगारीमा जाँदा ठगिएको भन्दै श्रृष्टि ओभरसिज इम्प्लोइमेन्ट सर्भिसविरुद्ध क्षतिपूर्तिका लागि उजुरी गरेका थिए ।




तर, विभागबाट समयमै सुनुवाइ नभएपछि उनीहरु काठमाडौं धाउन छाडेका थिए । विभागका एक अधिकारीका अनुसार ३० कात्तिक २०७१ मा दर्ता भएको श्रृष्टि ओभरसिज इम्प्लोइमेन्ट सर्भिसविरुद्धको उजुरी अहिले पनि तामेलीमा छ ।

तामेलीमा भएपनि उजुरीमाथि अनुसन्धान गर्न बाटो बन्द भएको छैन । उजुरीकर्ताले आवश्यक प्रमाणसहित सम्पर्क गरेमा छानबिन अघि बढ्ने विभागले बताएको छ ।

विभागका अधिकारीहरुका अनुसार उजुरी दर्ता भएका बेला मुद्दाको चापका कारण विभागले समयमै सुनुवाइ गर्न सकेन । पछि पीडितहरु न्यायको आश मार्दै विभाग धाउन छाडे ।

'अहिले उनीहरु सम्पर्कमा छैनन्', ती अधिकारी भन्छन्, 'यसरी समयमै न्याय नदिएपछि न मुद्दा टुंगियो, न पीडितले न्याय पाए ।'

त्यतिबेला म्यानपावर कम्पनीका सञ्चालक अरु नै भएपनि कम्पनी किनेका नयाँ सञ्चालकहरुले पनि त्यसअघिका जिम्मेवारीहरु बहन गर्नुपर्ने र कुनै दायित्व भए पूरा गर्नुपर्छ ।

'अहिले धेरै म्यानपावरमा सञ्चालकको नाम र स्वामित्व फेरेपछि पुरानो मुद्दा थाहा छैन भन्ने विकृति छ' विभागका ती अधिकारी भन्छन्, 'कानुनतः त्यस्तो हुँदैन, इजजतपत्रवालाविरुद्धको उजुरी फरफारक नभएसम्म जो-जो सञ्चालक बन्छन् जवाफदेहिता र दायित्वहरु उसैको हो ।'

### विगतमा पनि परेको थियो मुद्दा

रबि लामिछाने सभापति रहेको राष्ट्रिय स्वतन्त्र पार्टीबाट समानुपातिक सांसद बनेका मन्त्री अर्यालको संलग्नता जोडिएको म्यानपावरको विगत पनि विवादरहित थिएन। १५ असार, २०६६ मा रिलायबल इन्टरनेसनल प्रालिका तत्कालीन सञ्चालकहरू देवेन्द्र कार्की, विश्व कार्की र श्रृष्टि इम्प्लोइमेन्ट ओभरसिज प्रालिका तत्कालीन सञ्चालकहरू ध्रुवबहादुर अधिकारी, सह-सञ्चालक दीपसुन्दर ढकाल, सञ्चालक दुर्गाबहादुर कुँवर र सो म्यानपावरका तत्कालीन स्टाफ राजेश गौतमविरुद्ध पनि विभागमा ठगीको उजुरी परेको थियो ।

दुबईमा रोजगारीका लागि पठाइदिन्छौं भनेर ७८ लाख रुपैयाँ लिएर चक्रबहादुर बोहरासमेत ७० जनालाई नक्कली भिजिट भिसा र दुबईको नेपाली राजदूतावासको प्रथम सचिवको सही भएको कागज देखाएर झुठो आश्वासन दिएको उजरीमा उल्लेख थियो । तर, विदेश पठाउन आलटाल गरेपछि श्रृष्टि इम्प्लोइमेन्ट प्रालिका सञ्चालक फरार भएको भन्दै सक्कल राहदानी र सावाँ रकमसमेत ठगी खाने नियत देखाएको उजुरीमा दावी गरिएको थियो ।

उनीहरुले राहदानी, सावाँ र सो रकमको क्षतिपूर्तिबापत ५० प्रतिशत हर्जानासमेत दिलाउन वैदेशिक रोजगार ऐन, २०६४ अनुसार हदैसम्मको सजाय माग्दै उजुरी दर्ता गरेका थिए। विभागले यसका आधारमा सावाँ र विगो गरी १ करोड १७ लाख रुपैयाँ मागदाबी गर्दै मुद्दा चलाएको थियो ।

१६ जेठ, २०७०मा वैदेशिक रोजगार न्यायधीकरणले पर्वत कटुवाल, सन्तोष ढकाल र दुर्गाबहादुर कुँवरलाई जनही दुई वर्ष कैद र २ लाख जरिवाना हुने र जाहेरवालाहरूको बिगो ५२ लाख ७९ हजार बिगो कायम गरी प्रतिवादीहरूबाट जाहेरवाला चन्द्रमणि सुवेदीसमेतका ४१ जाहेरवालाहरूलाई हर्जानासहित ७९ लाख लाख १८ हजार ५०० रुपैयाँ भराउने फैसला गरेको थियो ।तर, ध्रुवबहादुर अधिकारी र अर्जुन कटुवाललाई सफाइ दिएको र पर्याप्त मागदावी नभराएको भन्दै विभागले सर्वोच्च अदालतमा मुद्दा दायर गरेको थियो। १३ असोज, २०७२ मा सर्वोच्च अदालतका न्यायाधीश देवेन्द्रगोपाल श्रेष्ठ र चोलेन्द्रशम्शेर जबराको इजलासले न्यायधीकरणकै फैसलालाई सदर गरेको थियो ।

तर, वैदेशिक रोजगार विभागका अनुसार अहिले कम्पनीको सञ्चालक बदलिएर लक्ष्मण कोइराला र लेखनाथ भण्डारी छन् । श्रृष्टि ओभरसिजका एक सञ्चालकका अनुसार अर्यालले जापानबाट 'जिट्को'मार्फत श्रमिक विदेश लैजानका लागि मन्त्री अर्यालले एजेन्टसँग सम्पर्क गराउने काम गरेका छन् । त्यसैमार्फत उनले जापानमा समन्वयका लागि काम गर्ने गरेका हुन् । कम्पनीमा सिधै लगानी नभएपनि कम्पनीसँग जोडिएर आर्यालले काम गर्ने गरेको उनले बताए ।

श्रममन्त्री अर्यालले पनि श्रृष्टिका सञ्चालकहरु आफ्ना साथीहरु भएको बताएका छन्। मन्त्री अर्याल म्यानपावर कम्पनीको बजार निर्देशक रहेको तथ्य बाहिरिएपछि बुधबार सामाजिक सञ्जालमा एक प्रष्टीकरण सार्वजनिक गर्दै उनले साथीहरुले सल्लाहकारका रुपमा वेबसाइटमा नाम राखेको र बेलैमा हटाउन भुलेको बताएका छन् । वेबसाइटहरु अपडेटेड नहुनुले म्यानपावरमा संलग्नता प्रमाणित नहुने उनले बताएका छन् ।त्यो (श्रृष्टि) वा कुनै म्यानपावर कम्पनीमा न मेरो लगानी छ, न संलग्नता, न सेयर न स्यालरी ,' उनले भनेका छन्, 'समाचार बनाउनेहरुले नै भन्दिनुस् न त मेरो कुन म्यानपावरमा कहिले कति सेयर थियो ? तैपनि मेरो चुनौती छ, ल भन्नुस् म बाट कहिले कुन कुन गैरकानुनी काम भयो ? म बाट पीडित एक जना मात्र भए खडा गरिदिनु होला ।'

तर, वैदेशिक रोजगार विभागमा रहेको तामेलीको उजुरीले उनको दाबीलाई फिक्का बनाइदिएको छ। अझ मन्त्रीको अर्यालको पदसहित म्यानपावरको टिमसँग खिचेको फोटो लुकाउन कम्पनीको वेबसाइट नै बन्द गरिएपछि धेरैले मन्त्री अर्यालले स्वार्थ बाझिने विषय समेत छिपाउन खोजेको भन्दै आलोचना गरेका छन् ।सभार अनलाइन खबर